आज मिति २०७७ साल असोज ८ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।

**प्रस्तावहरु**

१. मेलमिलाप कर्तालाई पुनरताजगी तालिम सम्बन्धमा ।

२. रकम भुक्तानी सम्बन्धमा ।

३. जस्तापाता वितरण सम्बन्धमा ।

४. पठन पाठन संचालन सम्बन्धमा ।

५. कक्षा ११ को परिक्षा संचालन सम्बन्धमा ,

६. दरवन्दी/ कोटा समायोजन सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत रहेका मेलमिलाप कर्ताहरुलाई पुनरताजगी तालिम संचालन गर्ने तथा तालिम संचालन गर्नका लागि आवश्यक पर्ने रकम सिप विकास तथा जनचेतना तालिम शिर्षकबाट रु. १ लाख ४० हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २. माथि छलफल गर्दा कोभिड - १९ महामारीका कारण भारत तथा तेश्रो मुलुकबाट फर्केका ब्यक्तिहरुलाई अनिवार्य क्यारिन्टाइनमा राख्नु पर्ने नेपाल सरकारको निर्णय तथा विद्यालयमा भएका क्वारेन्टाइन/आइसोलेसन हटाउने नेपाल सरकारको निर्देशन अनुसार माण्डवी गाउँपालिकाले स्थानीय होटल ब्यवसायसंग गरेको आपसी समझदारी अनुसार भारत तथा तेश्रो मुलुकबाट आएका ब्यक्तिहरुलाई होटेलमा समेत राख्नु पर्ने भएमा दैनिक रु. ६ सय ५० का दरले प्रति ब्यक्ति खाजा, खाना र कोठाको भाडा समेतको रकम होटल ब्यवसायिले पेश गरेको विल भर्पाईका आधारमा भुक्तनी दिने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३. माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको खरको छानो मुक्त गर्ने अभियान अन्तर्गत जस्तापाता वितरण गर्ने कार्यक्रम रहेको सन्र्दभमा, नयाँ बन्ने घरमा जस्तापता वितरण नगरिने यदि जस्तापाता वितरण गर्न पर्ने भएमा जस्तापाता पाउने ब्यक्तिको आर्थिक अवस्था, जस्तापाता पाउने ब्यक्तिको नाममा भएको जग्गा धनी प्रमाणपत्र सहित वडाको सिफारिस समेतका आधारमा मात्र वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४. माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७७ असोज ७. गते बसेको बैठकको निर्णय नं. १ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५. माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७७ असोज ७ गते बसेको बैठकको निर्णय अनुसार कक्षा ११ को परिक्षा यहि असोज २५ गते देखि गर्ने निर्णय सिफारिसलाई स्वीकृत गर्ते निर्णय गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६. माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७७ असोज ७ गते बसेको बैठकको निर्णय नं. ३ अनुसार बालज्योति प्रा.वि. खुक्लीचौरकी शिक्षक श्री लोकि पुन मगरलाई कोटा समायोजन गरि श्री ने.रा.प्रा.वि. मर्कावाङमा शिक्षक सहित कोटा समायोजन गर्ने सिफारिस अनुसार सो सिफारिसलाई अनुमोदन गर्दै स्वीकृत गर्ने निर्णय गरियो ।

.....................

प्रमाणित गर्ने

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत